नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ५६ २०८१ साल असोज ५ गते शनिबार (21 Sep. 2024 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : संविधान संशोधन : सबैको. ३ पृष्ठमा : मधेस प्रदेशमा कुपोषण समस्या बढ्दै ... ३ पृष्ठमा डिबीद्वारा भारतको जल ...

# किर्ते कागज बनाई वित्तीय संस्थाबाट अर्कैको नाउँमा ऋृण निकालिएको खुलासा

**नवीनकुमार गुप्ता**
**राजविराज, ४ असोज ।**

सप्तरीस्थित एक वित्तीय संस्थाबाट किर्ते कागज बनाई अर्कैको नाउँमा ऋृण निकालिएको खुलासा भएको छ ।

सप्तरीको विष्णुपुर गाउँपालिकास्थित नहर चौकमा अवस्थित सम्पदा लघुवित्त वित्तिय संस्था लि. (साविकको सबैको लघुवित्त वित्तिय संस्था लि.) बाट राजविराज वडा नं. ७ निवासी गायत्री देवी दासको नाउँमा किर्ते कागज बनाई ऋृण स्वीकृत गराएको झण्डै डेढ वर्षपछि सम्बन्धित व्यक्तिले आफ्नो नाउँमा ऋृण निकालिएको थाहा पाएपछि सो खुलासा भएको हो ।

उनले आफ्नो नाउँबाट किर्ते गरि विभिन्न आवश्यक कागजातहरु बनाई रु. एक लाख ऋृण निकासा भएपछि न्यायका लागि विभिन्न निकायमा भौतिरिदै आएकी छिन् ।

बि.स. २०७९ माघ १८ गते किराना पसलका लागि रु. एक लाखको ऋृण स्वीकृत भएको थियो । जबकी गायत्रीले कहिले आफ्नो नाउँबाट उक्त वित्तीय संस्थामा कारोबारका साथै ऋृणका लागि निवेदन समेत नदिएको बताएकी छिन् ।

गायत्रीका अनुसार आफूले ऋृण लिनका लागि अर्को वित्तीय संस्थामा निवेदन दिएँ, सो संस्थाले तपाईको नाममा एक लाख सम्पदा लघुवित्त संस्थामा ऋृण रहेको जानकारी दिएपछि आफू हक्क न बक्क भएको बताईन् । झण्डै एक वर्ष ६ महिनापछि आफ्नो नाउँमा ऋृण रहेको बारे थाहा पाएपछि आफू र श्रीमान दुबैजना सम्पदा वित्तीय संस्थामा पुगेर बिस्तृत जानकारी लिएको उनको भनाई छ ।

उनका श्रीमान् बिनोद कुमार दासका अनुसार सम्पदामा गएर ऋृण सम्बन्धी आफूले सम्पूर्ण कागजातहरु हेर्दा ती कागजातहरु नै किर्ते रहेको बताए । उनका अनुसार संस्थाको सदस्यता फारममा गायत्रीको फोटोको सट्टामा अर्कै महिलासँगै आफ्नो फोटो टाँस गरि ऋृण माग गरेको देखिएको छ ।

त्यस्तै कर्जा निवेदन तथा स्वीकृत फारममा समूह पदाधिकारीहरुको सिफारिस भएको देखिएपनि सिफारिस गरिएको समूह अध्यक्ष राधा कुमारी दासले भने आफुले कर्जा फारममा हस्ताक्षर नगरेको दाबी गरिन् । उनले भनिन्, "गायत्री देवी दासको कर्जा फारममा मेरो हस्ताक्षर होइन, फर्जी हस्ताक्षर गरेको हुन सक्छ, मैले पनि अहिले आएर ऋृण उठेको कुरा सुन्दैछु ।"

यस्तै वित्तीय संस्थाको तमसुक पत्रमा २०७९ माघ १८ गते किराना पसल व्यवसायका लागि गायत्री देवी दासको नाउँमा ऋृण स्वीकृत भएको उल्लेख छ । २०७९ माघ २० गते तयार पारिएको तमसुक पत्रमा वित्तीय संस्थाका तर्फबाट लिखत तयार गर्नेमा कर्मचारी बिनय कुमार चौधरीको नाम रहेको छ । सो पत्रमा लगाइएको दायाँ, बाँया औठा छाप तथा हस्ताक्षर समेत किर्ते रहेको पीडित गायत्रीले दाबी गरिन् ।

२०७९ साल माघ २० गते नै तत्कालिन सबैको लघुवित्तले रु. एक लाख गायत्री देवी दासको नाममा ऋृण बनाई विभिन्न शिर्षकमा रु. ९७, वीमाको नाउँमा रु. ७५, सर्भिस चार्जमा एक हजार पाँच सय, सदस्यता वीमाको नाउँमा ६ सय ४० तथा २ सय ८८ सय कट्टा समेत गरेको ऋृण स्टेटमेन्टमा उल्लेख छ ।

बि.स. २०७९ माघ २० गते ऋृण सम्बन्धी सबै प्रक्रिया पुरा गरि साधारण कर्जा उल्लेख गरेर रु. एक लाख गायत्रीको खातामा जम्मा भएको देखिन्छ । अचम्मको कुरा के हो भने कुनै पनि वित्तीय संस्थाले आर्थिक वर्षको मसान्तमा सबै ऋृणीहरुलाई ब्याज तिर्न विभिन्न माध्यमबाट ताकेता गर्ने गर्छन् । तर, गायत्रीलाई हालसम्म त्यस्तो कुनै ताकेता आएको देखिन्न् । आ.ब. २०७९/८० र २०८०/८१ मा उक्त एक लाख रकमको ब्याजसमेत खाता जम्मा नभएको ऋृण स्टेटमेन्टले देखाएको छ ।

सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड
Sampada Laghubitta Bittiya Sanstha Limited





संस्थाको सदस्यता फारममा गायत्रीको फोटोको सट्टामा अर्कै महिलासँगै गायत्रीको श्रीमान् बिनोदको फोटो टाँस गरिएको ।
गायत्री देवी दास र उनका श्रीमान् बिनोद कुमार दास । *तस्बिर : राजविराज दैनिक*

## यसरी फँसिन फर्जी ऋृणको चपेटामा गायत्री

गायत्रीले पुरानो कुरा सम्झिदै भनिन्, "एक वर्ष अघि सोही बित्तीय संस्थाकी अर्को समूह अध्यक्ष पिंकी दासले बचत गरि आफ्नो बालबच्चाको भविष्य उज्वलका लागि संस्थामा आवद्ध हुन आग्रह गरेकी थिइन् । आफ्नो र श्रीमान दुबैजनाको नागरिकताको फोटोकपी र एक-एक थान फोटो मागेकी थिइन्, मैले उनलाई आफ्नो नागरिकताको फोटो कपी र आफ्नो श्रीमानको एक थान फोटो दिएको थिएँ ।"

केही समयपछि पिंकीसँग गायत्रीले नागरिकता र फोटो माग्दा आजभोली गर्दै टार्दै गएकी थिइन् । जब आफ्नो नाउँमा ऋृण रहेको खुलासा भयो अनि गायत्रीले पिंकीलाई फर्जी काम किन गरेको भन्दै वडा प्रहरीमा निवेदन पनि दिइन् र विभिन्न पंचायतीसम्म गरिन् तर, पिंकीले आफूले केही नगरेको भन्दै पन्छिदै गइन् ।

गत आ.ब. २०८०/८१ मा सबैको लघुवित्त वित्तिय संस्था लि. र साधना लघुवित्त वित्तिय संस्था लि. एकीकरण पश्चात् हाल सम्पदा लघुवित्त वित्तिय संस्था लि. गठन भएको हो ।

सम्पदा वित्तिय संस्था विष्णुपुर शाखाका प्रमुख बिटु सिंहको मोवाइलमा सम्पर्क गर्दा सुरुमा परिचयपात्र भएपछि गायत्री देवी दासको ऋृण सम्बन्धमा जिज्ञासा राख्दै उनले भने, "म आज बिदामा छु, भोली शनिबार पर्सी कुरा गरौंला ।" भन्दै फोन राखे ।

यस्तै सोही वित्तिय संस्थाका केन्द्रिय डिपुटि जेनरल म्यानेजर सिताराम पण्डितले पनि शाखा प्रमुख सिंहले दिएको जवाफ जस्तै प्रतिक्रिया दिए । उनले भने, "आइतबार म गायत्रीको ऋृण सम्बन्धी विषयमा शाखासँग बुझेर खबर गरौंला ।"

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : रुपनी गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### कारागारको अवस्थाप्रति राज्य गम्भिर बन

राजविराज कारागारको अवस्थाबारे कसैसामु लुकेको छैन् । मुलुककै पुरानो मध्ये एक यो कारागार अहिले विभिन्न समस्यामा जकडिएको छ । कारागारको जग्गा अतिक्रमण तथा त्यस वरिपरि फोहरको थुप्रो, जिर्ण भवन त्यसमा पनि क्षमता भन्दा तेब्बर कैदीकन्दीको चाप । यी समस्याले जकडिएको राजविराज कारागारको सुधारका लागि दशकौंदेखी पहल भइरहदा पनि अझै सुधार हुन सकेको छैन् ।

कारागारको जिर्ण भवन र साँगुरो ठाउँका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल ३ सय भन्दा बढी कैदीबन्दीहरु छन् । यस बाहेक कारागारमा विभिन्न समस्याहरु छन् । कारागारकै जग्गा अतिक्रमित समेत हुन पुग्दा स्थानिय प्रशासनले मौनता साधेको छ । आफ्नो जग्गा अतिक्रमण भएको विषयमा कुनै ठोस निर्णय समेत गर्न सकेको छैन् ।

संघीय सरकारको निगरानीमा रहने यस कारागारको समस्याहरु स्थानियस्तरमा उठेपनि माथिल्लो माथिल्लो निकायसम्म पुग्न सकेको छैन् । तसर्थ कारागार प्रशासनदेखी स्थानिय प्रशासनसम्मले संघीय सरकारलाई एउटा ठोस नीति बनाएर समस्या समाधानका लागि पहल गर्नु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संविधान संशोधन : सबैको स्वीकार्यताका लागि अर्जुनदृष्टि

शीतलप्रसाद महतो
काठमाडौँ, ४ असोज (रासस) ।

नेपालको संविधान जारी भएको नौ वर्ष पूरा भएको छर । करिब एक दशकको अवधि भनेको सबैभन्दा धेरै उत्पादनशील, लाभदायक र अनुभव हासिल गर्ने महत्वपूर्ण अवधि हो । संविधानले अपेक्षा गरेअनुसार संरचना र संयन्त्रहरूको स्थापना र सञ्चालन भएका छन् कि छैनन् र भएकामा त्यसको प्रभावकारितासम्म आँकलन र मूल्याङ्कन गर्नुपर्ने अहिलेको अवधि हो । संविधान शासकीय व्यवस्थालाई वैधानिकता दिने जनअनुमोदित दस्तावेज भएकाले यसलाई मूल कानुन पनि भनिन्छ । यो आवश्यकताअनुसार संशोधनीय पनि भएको हुँदा यसलाई एक गतिशील राजनीतिक सहमतिको दस्तावेजसमेत मानिन्छ ।

नेपालमा लामो संवैधानिक आकाङ्क्षापछि संविधानसभाबाट जारी भएको संविधानले मुलुकलाई सङ्घीय लोकतान्त्रिक ढाँचामा रूपान्तरण गरी शासकीयस्वरूप नै परिवर्तन गरेको छ । संवैधानिक राष्ट्रपति राष्ट्रप्रमुख, कार्यकारी मन्त्रिपरिषद् साथै बालिग मताधिकार प्रयोगगरी आवधिक निर्वाचनमार्फत संसदीय अभ्यास गर्दै संवैधानिक सर्वोच्चता कायम गर्नुपर्ने मौलिकपन नेपालको संविधानमा छ । असल संवैधानिक संस्कृति, संवैधानिक मूल्यमान्यता र संवैधानिक स्थायित्वका लागि नेपालको संविधानले न्यायपालिकालाई प्रदान गरेको अधिकारलाई संवैधानिक दायराभित्र रही समयसापेक्ष व्याख्यात्मक विकास गर्ने गरेका छन् । संविधानले शासन सञ्चालनका लागि कोरेको मार्गचित्रअनुसार सरकार सञ्चालन वा राज्यका सबै अङ्ग र निकायको कार्यसम्पादन हुनु नै विधिको शासन हो । विधिको शासन हुनका लागि लोकतान्त्रिक संविधान र परिपाटी अवलम्बन गर्नुपर्ने हुन्छ । लोकतान्त्रिक परिपाटीअनुसार जनताका प्रतिनिधिमार्फत कानुनको निर्माण र सोही कानुनबमोजिम शासन व्यवस्था सञ्चालन हुनुपर्दछ भन्नु नै विधिको शासन हो । समग्रमा न्यायसम्मत कानुनको विवेकसम्मत प्रयोग नै विधिको शासन हो ।

नेपालको संविधानको प्रस्तावनामै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसातगरी विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने उल्लेख छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद् र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरिने कुरादेखि सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प पनि संविधानमा गरिएको छ । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली; नागरिक स्वतन्त्रता; मौलिक अधिकार; मानवअधिकार; बालिग मताधिकार; आवधिक निर्वाचन; पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका; कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यतामा आधारित व्यवस्था नेपालको संविधानले गरेको छ ।

यसैगरी मौलिक हकअन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्यायसम्बन्धी हक, अपराध पीडितको हक, यातनाविरुद्धको हक, निवारक नजरबन्दको हक, छुवाछुत तथा भेद्भावविरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषणविरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षासम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकालाविरुद्धको हक, संवैधानिक उपचारको हकलगायत ३१ वटा हकको प्रत्याभूति गरी उपचार समेतको व्यवस्था नेपालको संविधानले गरेको छ ।

पछिल्ला दिनहरूमा राजनीतिक केन्द्रित शासन प्रणाली विस्तारै वातावरण, पर्यावरण, विकास, र आर्थिक समृद्धि केन्द्रित हुँदै गएको देखिन्छ । घरपरिवार, समुदाय, समाज, देश र समग्र विश्व परिवेश नै विधिको शासनको पक्षमा वकालत गर्दै आएको र पछिल्लो समयमा यसको सान्दर्भिकता झन् बढ्दै गइरहेको छ । लोकतान्त्रिक शासन पद्धतिमा राज्यका तीनवटै अङ्गहरू कार्यमुखी भई जनताप्रति उत्तरदायी संसद्, जवाफदेही तथा जनकेन्द्रित सरकार, स्वच्छ, सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायपालिका भएको हुनुपर्दछ । नेपाली जनताको आफ्ना लागि आफैँले संविधान बनाउने अपेक्षा पूरा भइसकेको पनि अब झण्डै एक दशक हुन लागेको छ । संविधानको निर्माण क्रान्ति वा उत्पत्तिबाट हुने गर्दछ भनिन्छ ।

नेपाल सरकार वैधानिक कानुन, २००४ देखि नेपालको संविधानसम्म आइपुग्दा संविधानवादले प्रश्रय पाएको भएतापनि त्यसको कार्यान्वयन पक्ष भने त्यति सुखद् रहेको पाइँदैन । विभिन्न कालखण्डमा विकास भएको विधिको शासन पनि वर्तमान समयजस्तो लोकतान्त्रिक र उन्नत देखिएको थिएन । नेपाल अधिराज्यको संविधान, २०४७ ले भने संविधानवाद र विधिको शासनलाई अङ्गीकार गरेको भएपनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको थिएन । नेपालको अन्तरिम संविधान, २०६३ ले संविधानवाद र विधिको शासन स्थापित गर्न प्रारुप तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्दा सङ्क्रमणकालीन अवस्थामा पनि केही हदसम्म सन्तोषजनक सूचकहरू देखापरेका थिए ।

नेपालको संविधान संविधानवाद र विधिको शासनका दृष्टिकोणले उच्चकोटीको संविधानका रूपमा ग्रहण गर्ने गरिन्छ । नेपालको संविधानको प्रस्तावनामा 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' सबैका भावना समेटिने मौलिक चरित्रको छ । यसका साथै पर्याप्त मौलिक हकहरू, संवैधानिक उपचारको व्यवस्था, राज्य शक्तिको पृथकीकरण, नियन्त्रण र सन्तुलन, शक्ति विकेन्द्रीकरण साथै नागरिक केन्द्रित सेवा प्रवाह समेतलाई जोड दिएको छ । सशक्त र नियमनकारी संवैधानिक अङ्गहरू, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका जस्ता व्यवस्थाले यसलाई संविधानवादका दृष्टिले बलियो बनाएको छ ।

त्यस्तै नेपालको संविधानले समावेशी लोकतन्त्रलाई समेत आत्मसाथ गरेको छ भने पिछडिएका र सीमान्तकृत समुदायको न्यायोचित विकासका लागि विभिन्न व्यवस्था गरेको छ । यी सबै व्यवस्था हेर्दा नेपालको संविधान नागरिक अधिकारमैत्री रहेको छ । संविधानमा मुलुकले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भएका अधिकांश अधिकार पनि समावेश गरेका छन् । त्यसको कार्यान्वयनका लागि स्वतन्त्र न्यायपालिकाका अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोगलगायत विभिन्न आयोगको व्यवस्था समेत संविधानमा गरिएको छ । यी आयोगमध्ये कतिपय गठन भइसकेका छन् भने कतिपय गठन प्रक्रियामा छन् ।

नेपालको संविधानमा जनता नै राज्यशक्तिका स्रोत छन् । संविधानले लोकतान्त्रिक विचार र आचरणलाई आत्मसात गर्नुपर्छ भन्ने मान्यतालाई नेपालको संविधानले स्पष्ट रुपमा अङ्गीकार गरेको छ । विधिको शासनका दृष्टिकोणबाट पनि नेपालको संविधान एक उत्कृष्ट दस्तावेजका रुपमा मानिन्छ । राज्य सञ्चालनको आधारभूत मार्गचित्र सहित जारी भएको यो संविधानले लोकतान्त्रिक विधिको शासनका समग्र मूल्यहरूलाई आत्मसात् गरेको छ । कुनै बेला राजनीतिक विषयवस्तुमा केन्द्रित संवैधानिक सवालहरू र विधिको शासन हाल आएर विकास, अर्थतन्त्रलगायत समसामयिक विषयवस्तुमा केन्द्रित हुने गरेको पाइन्छ । यसअघि २०७२ र २०७७ मा गरी दुई पटक संशोधन भइसकेको नेपालको संविधानमा अहिले तेस्रो पटक पुनः संशोधन गरिने चर्चा चलिरहेको छ । विशेषगरी २०८१ असारको मध्यमा दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा (एमाले) ले सत्ता समीकरण बनाउँदा संविधान संशोधनलाई पनि सहमतिको एउटा बुँदा बनाएका थिए । ती दलबीच भएको सातबुँदे सहमतिमा 'राजनीतिक स्थायित्वका लागि' संविधान संशोधन गर्ने उल्लेख छ । प्रतिनिधिसभाका पहिलो र दोस्रो ठूलो राजनीतिक दलले बहसका लागि प्रवेश गराएको यस विषयको संवेदनशीलतालाई सबैले अनुभूत गर्नुपर्छ । त्यसका लागि सार्वजनिक रूपमै छलफल र अन्तरक्रिया पनि आगाडि बढाउनुपर्छ ।

जनतासँग गरिएका वाचा पूरा गर्ने, त्यसमार्फत थप विश्वास जित्ने र थप बलियो बन्ने नै अहिलेको संविधानको मर्म होर । नेपाली कांग्रेस र नेकपा (एमाले)ले गरेको सहमतिको उद्देश्य संविधानको त्यही मर्मविपरीत छर । मुलुकमा राजनीतिक अस्थिरताका लागि अपनाएका सबै व्यवहारको आत्मपरीक्षण गरेर मात्रै अघि बढ्नु उचित देखिन्छ । संशोधन संविधानलाई अझ बृहत् र सर्वस्वीकार्य बनाउनेतर्फ सबै राजनीतिक दल र नागरिक समाजको अर्जुनदृष्टि हुनुपर्छ । संविधानले जुन वर्ग र समुदायलाई अधिकार दिएको छ, त्यसलाई थप कसिलो बनाउनुपर्छर । विशेषगरी महिला, मधेसी, जनजाति, मुस्लिम लगायतका अल्पसङ्ख्यकका अधिकार थप सुनिश्चित हुनुपर्छर । प्रतिनिधित्व र निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुने कार्यलाई थप बलियो बनाउनुपर्छर ।

संविधानको धारा २७४ को उपधारा (१) मा संशोधनको व्यवस्था गरेको छ । संशोधन गर्नु भनेको नै यो संविधानलाई अझ बढी सर्वस्वीकार्य बनाउनु हो । हतार र संसदीय अङ्कगणितका आधारमा संविधान संशोधन गर्नु हुँदैन, लामो बहस र अभ्यासको अनुभवका आधारमा गर्न सक्नुपर्छ । मूलतः यो संविधानको भावनालाई रक्षा गर्दै मुलुकलाई आर्थिक प्रगतिको बाटोमा लैजाने गरी संशोधन गर्नु सक्नुपर्छ । संशोधनले राजनीतिक समस्या बल्झाउने र नागरिक असन्तुष्टि बढाउने कार्य भएमा संविधानकै स्वीकार्यतामाथि प्रश्न खडा हुन्छर । त्यो अर्को राजनीतिक द्वन्द्वको प्रस्थानबिन्दु हुनसक्छर । त्यसैले समयमै सबै राजनीतिक दल र नागरिक समाज यसतर्फ सचेत हुनैपर्छ र सोही अनुसारको व्यवहार पनि प्रदर्शन गर्न सक्नुपर्छ ।

# मधेस प्रदेशमा कुपोषण समस्या बढ्दै, निःशुल्क उपचार गर्दै प्रदेश सरकार

**सुरेश झा**

जनकपुरधाम, ४ असोज ( रासस)।

मधेस प्रदेशका बालबालिकामा कुपोषणको समस्या देखिएको छ। कुपोषणका कारण समयमा उपचार नपाउँदा कतिपय बालबालिकाको मृत्युसमेत हुने गरेको मधेस प्रदेशको एक तथ्याङ्कले देखाएको छ।

मधेस प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत प्रादेशिक अस्पताल जनकपुरको पोषणगृहका अनुसार कुपोषणका कारण बालबालिकामा मुटु समस्या, श्वासप्रश्वास, निमोनिया, रक्तअल्पता, क्षयरोग, मस्तिष्कघात, वृत्तिविकासमा कमी, पुडकोपनलगायत समस्या हुने गरेको छ।

सो प्रतिष्ठानका अनुसार आर्थिक वर्ष २०७९/८० मा एक सय ८६ बालबालिका कुपोषणका कारण उपचारका लागि जनकपुर अस्पतालमा भर्ना भएका थिए भने आव २०८०/८१ मा दुई सय १६ बालबालिका उपचारका लागि भर्ना भएको जनाइएको छ।

त्यस्तै अस्पतालका बालरोग विभागमा दैनिक एक सय ५० देखि दुई सय ५० बालबालिका उपचारका लागि आउने गरेका छन्। जसमा प्रत्येक १० जनामध्ये चार जनामा कुपोषण समस्या भेटिने गरेको छ। उक्त समस्या छ महिनादेखि पाँच वर्षका बालबालिका अत्यधिक छ।

बालबालिका कुपोषित हुनुमा गरिबी, अशिक्षा, आर्थिक अभाव, चेतनाको कमी, विपन्नता, समयमा उपचार नगराउनु रहेको छ। साथै सो समस्या दलित तथा पिछडिएको वर्गमा अत्यधिक रहेको छ।

मधेस प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार प्रदेशमा करिब ५१ प्रतिशत बालबालिकामा रक्तअल्पता, २९ प्रतिशतमा पुड्कोपन, २७ प्रतिशमा कम तौल तथा १० प्रतिशत बालबालिकामा क्षयरोगलगायत कुपोषण भएको देखिने गरेको बताइएको छ।

मधेसमा वार्षिक रूपमा एक लाख ४० हजार बालबालिका जन्म लिने गरेको छ। पाँच वर्षमुनिका मृत्युदर प्रति एक हजार जीवित बालबालिकामा ३३ मृत्यु तथा नवजात शिशु मृत्युदर प्रति एक हजार जीवित जन्ममा २१ मृत्यु रहेको बताइएको छ। जसको मुख्य कारण कुपोषण नै रहेको विवरण सार्वजनिक गरिएको छ।

विगत पाँच वर्षमा कुपोषणको समस्या कम नभएपछि सो समस्याको समाधानका लागि प्रदेश सरकारले जिल्लादेखि वडासम्म पोषणसम्बन्धी कार्य भइरहेको मन्त्रालयले जनाएको छ। यस वर्ष प्रदेश सरकारले पोषणसम्बन्धी कार्यक्रमका लागि रु १० करोड रकम विनियोजन गरेको स्वास्थ्यमन्त्री शत्रुध्नप्रसाद सिंहले जानकारी दिनुभयो।

पोषणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम, पर्साको वीरगञ्जमा रहेको नारायणी अस्पताल तथा राजविराजको गजेन्द्रनारायण सिंह अस्पतालमा पनि पोषणगृह सञ्चालनमा रहेको सिंहले बताउनुभयो। प्रदेश सरकारले कडा कुपोषण देखिएका बालबालिकाको निःशुल्क उपचार, पोषिलो खानपानका लागि प्रोत्साहन तथा अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको मन्त्रालयले जनाएको छ।

सरकारले सन् २०३० सम्ममा पाँच वर्षमुनिका नवजात शिशु तथा बाल मृत्युदर अन्त्य गर्नका लागि दिगो विकास लक्ष्य लिएको छ। त्यो चुनौती मधेस प्रदेशमा देखिएको छ।

# सरकारले 'बेरुजु फछ्र्यौट समिति' गठन गर्ने

काठमाडौँ, ४ असोज (रासस)।

सरकारले सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेका बेरुजु फछ्र्यौट गर्न प्रतिनिधिसभाको सार्वजनिक लेखासमितिका सदस्य अच्युतप्रसाद मैनालीको अध्यक्षतामा 'बेरुजु फछ्र्यौट समिति' गठन गर्ने र समितिको कार्यक्षेत्र तोक्ने भएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बुधबार बसेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सूचना सञ्चार तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रत्येक वर्षको वैशाख ७ गतेलाई राष्ट्रिय याक दिवसका रुपमा मनाउने निर्णय भएको जानकारी दिनुभयो।

सरकारका प्रवक्तासमेत रहनुभएका गुरुङले भन्नुभयो, "आगामी कात्तिक ५ देखि १० सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीमा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिन उपप्रधानमन्त्री एंव अर्थमन्त्री नेतृत्वको प्रतिनिधि मण्डललाई स्वीकृति दिने निर्णय भएको छ।"

त्यसैगरी सरकारले काठमाडौँ उपत्यका खानेपानी सुधार आयोजना (दोस्रो) को लागि एसियाली विकास बैंकबाट प्राप्त हुने एक सय ७० मिलियन अमेरिकी डलर (करिब रु २२ अर्ब ८९ करोड) बराबरको सहुलियतपूर्ण ऋण सहायता तथा १७ मिलियन अमेरिकी डलर (करिब रु दुई अर्ब एक करोड रुपैयाँ) बराबरको अनुदान सहायता एवं 'जापान फण्ड फर प्रोस्प्रेरस एण्ड रेजिलेन्ट एसिया एण्ड दी प्यासिफिक'बाट प्राप्त हुने तीन मिलियन अमेरिकी डलर (करिब रु ४० करोड ३९ लाख रुपैयाँ) बराबरको अनुदान सहायतासम्बन्धी वित्तीय सम्झौता तथा अन्य दस्तावेजलाई अन्तिम रुप दिन नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सह-सचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ।

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशका, २०७० खारेज गर्ने, नेपाल र गणतन्त्र इण्डोनेसियाबीच हुने द्विपक्षीय परामर्श संयन्त्र स्थापनासम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र उल्लिखित समझदारी पत्रमा समकक्षीलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने सरकारले निर्णय गरेको छ। सरकारका प्रवक्ता गुरुङले भन्नुभयो, "नेपाल र गणतन्त्र इण्डोनेसियाबीच कूटनीतिक तथा विशेष राहदानी वाहकलाई भिसा छुट दिनेसम्बन्धी सम्झौता स्वीकृत गर्ने र उल्लिखित सम्झौतामा समकक्षीबीच हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने निणर्य भएको छ।"

मन्त्रिपरिषद्ले नेपाल इन्टरनेट मोडल यातायात विकास, काठमाडौँलाई दोधारा चाँदनी सुख्खा बन्दरगाह/एकीकृत जाँच चौकी निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने निर्णय पनि गरेको छ। त्यसैगरी सरकारले नेपाल प्रशासन सेवा समूह तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त एक पदमा कमलप्रसाद पोखरेल (शर्मा) लाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशमा पदस्थापन गर्ने भएको छ। सञ्चारमन्त्री गुरुङले वर्तमान सरकारको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धता सम्बद्ध सबै मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय भएको जानकारी दिनुभयो।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**सप्तकोशी नगरपालिकाको कार्यालय, सप्तरी**



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**बोदेबरसाइन नगरपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### एडिबीद्वारा भारतको जल संरक्षणका लागि सहयोग स्वीकृत

मनिला, ४ असोज (रासस/सिन्ह्वा)।

जलस्रोत व्यवस्थापन, पानीमा पहुँच तथा जलवायु परिवर्तनका प्रभावलाई सुधार गर्न एसियाली विकास बैङ्क (एडीबी) ले भारतका लागि शुक्रबार ५० मिलियन अमेरिकी डलर ऋण स्वीकृत गरेको छ।

भारतको मेघालय राज्यमा जलवायु-अनुकूल समुदाय-आधारित जल-सङ्कलन परियोजनाले मौसमको जोखिम व्यवस्थापन गरी जलसञ्चय प्रणाली गुरूयोजना विकास गर्न मद्दत गर्ने एडिबीले जनाएको छ।

आयोजनाले १२ जिल्लामा ५३२ वटा पानी भण्डारण सुविधा निर्माण गर्न सहयोग गर्ने बैङ्कले जनाएको छ। मनसुनको समयमा जलवायु परिवर्तन, भारी वर्षा र बाढीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सक्षम बनाइने उल्लेख गरिएको छ।

भण्डारण गरिएको पानीले हिउँदे सुख्खा मौसममा सिँचाइको पानी उपलब्ध गराउने र मनसुनको समयमा बाढी व्यवस्थापनमा फाइदा पुग्ने जनाइएको छ।

परियोजनाले अन्तरर्गत एडीबीले कृषकलाई भरपर्दो सिँचाइ क्षेत्र उपलब्ध गराउने कम्तीमा तीन हजार हेक्टर 'कमाण्ड एरिया' पनि विकास गर्ने जनाएको छ।

### म्यान्मामा बाढीका कारण करीब ३०० व्यक्तिको मृत्यु

याङ्गुन, ४ असोज (रासस/सिन्ह्वा)।

म्यान्मामा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या २९३ पुग्नुका साथै ८९ जना बेपत्ता भएको म्यान्माको राष्ट्रिय दैनिक 'द मिरर' ले शुक्रबार जनाएको छ।

रिपोर्टअनुसार बाढीले म्यान्माका विभिन्न क्षेत्र तथा राज्यहरूमा असर गरेको र बिहीबारसम्म ४७ हजार १९ घरधुरीका एक लाख ६१ हजार ५९२ बाढीपीडितले ४२५ राहत शिविरमा आश्रय लिएको एक प्रतिवेदनले जनाएको छ।

बाढीले सात लाख ६६ हजार ५८६ हेक्टर बाली डुबानमा पर्नुका साथै एक लाख २९ हजार १५० जनावरको मृत्यु भएको प्रतिवेदनमा उल्लेख छ।

यागी नाम दिइएको आँधीका कारण बङ्गालको खाडीमा परेको न्यून चापीय प्रभावका कारण म्यान्मामा भारी वर्षा भएको र व्यापक बाढी आएको जनाइएको छ।

बाढी प्रभावित क्षेत्रको सरसफाई, स्वास्थ्य सेवालगायत बाढी पीडितका लागि खाद्यान्न तथा अन्य आवश्यक सामग्री वितरण गर्न स्थानीय निकाय, उद्धार संस्था र बासिन्दा मिलेर काम गरिरहेका छन्।

### गाजामा भएको इजरायली आक्रमणमा निर्दोष नागरिकको मृत्यु

गाजा, ३ असोज (रासस/क्युएनए)।

गाजा पट्टीका विभिन्न स्थानहरूमा बिहिबार राति इजरायले गरेको हवाई आक्रमणमा परी कैयौँ प्यालेस्टिनीहरू मारिनुका साथै केही घाइते भएका छन्।

इजरायली युद्ध विमानहरूले मध्य गाजाको अल-दराज सहरमा रहेको एक घरमा आक्रमण गर्दा सात प्यालेस्टिनीको मृत्यु हुनुका साथै अधिकांश महिला तथा बालबालिकासहित अन्य घाइते भएको स्थानीय स्रोतले जानकारी दिएका छन्।

लडाकु विमानहरूले उत्तरी गाजा पट्टीको बेइट लाहियामाको एउटा घरमा पनि आक्रमण गरेका गर्दा घाइते तथा बेपत्ता मानिसहरूको उद्धारकर्मीहरूले भग्नावशेषमुनि खोजी गरिरहेका छन्।

आक्रमयाले नुसेरात शिविरको एक घरलाई पनि निशाना बनाउँदा केहीको हताहतभएको उल्लेख गरिएको छ।

यसअघि इजरायली आक्रमणले उत्तरी गाजाको जबलियामा रहेको एक घरलाई निशाना बनाउँदा सात प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य केही घाइते भएका थिए।

खान युनिसको अल-कारारा सहरमा इजरायली हमलामा थप दुई प्यालेस्टिनीको मत्यु भएको तथा मध्य गाजा पट्टीको अल-मगाजी शिविर नजिकै एउटा गाडीलाई निशाना बनाई गरेको आक्रमणमा दुई जनाको मृत्यु भएको थियो।

बिहीबार बिहानदेखि रातिसम्म विस्थापित व्यक्तिहरूको घर, सवारी साधन र पालमा भएको इजरायली बमबारीमा ४५ भन्दा बढी प्यालेस्टिनी मारिएको स्वास्थ्य मन्त्रालय स्रोतले जनाएको छ।

गत अक्टोबरमा हमासले दक्षिणी इजरायलमा गरेको आक्रमणको बदलामा इजरायलद्वारा गाजामा गरिएको आक्रमणका कारण हालसम्म अधिकांश महिला तथा बालबालिकासहित ४१ हजार २७२ जनाको मृत्यु हुनुका साथै अन्य ९५ हजार ५५१ जना घाइते भएको जनाइएको छ।

यसैगरी हजारौं पीडितहरू बेपत्ता, भग्नावशेषमुनि दबिएका वा सडकमा बेबारिसे अवस्थामा छरिएका छन्। इजरायली आक्रमणले गर्दा उद्धार कार्यमा कठिनाइको सामना गर्नुपरेको प्यालेष्टिनी उद्धार टोलीले जनाएका छन्।

# जनप्रतिनिधिद्वारा जिल्ला प्रशासन कार्यालय अगाडी प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

सप्तरीको रुपनी गाउँपालिकाका जनप्रतिनिधिको अगुवाईमा शुक्रबार जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी प्रदर्शन गरिएको छ ।

रुपनी गाउँपालिकाबाट अध्यक्ष दिनेश कुमार यादव, वडा अध्यक्ष लिला यादव तथा विभिन्न राजनीतिक दलका प्रतिनिधि सम्मिलित समूहले सार्वजनिक जग्गाको संरक्षण गर्न माग गर्दै प्रदर्शन गरेको हो । उनीहरुले सार्वजनिक जग्गाको संरक्षण तथा जग्गा हडप्ने व्यक्तिमाथी कारवाहीको माग समेत गरेका छन् ।

रुपनी गाउँपालिका १ मा वर्षौंदेखी आदर्श युवा क्लबको भवन रहेको जग्गा आफ्नो रहेको दाबी गर्दै सोही वडा बस्ने भोगेन्द्र यादवले भत्काएर आफ्नो निजि भवन बनाउन थालेपछि विवाद बढेको हो ।

गाउँपालिका अध्यक्ष यादवले सामाजिक र खेलकुद लगायत विभिन्न गतिविधी गर्दै आएको आदर्श यूवा क्लबको सार्वजनिक जग्गामा बनेको भवन संरचनालाई बलपूर्वक भत्काएर आफ्नो निजि भवन बनाउन लागेका भोगेन्द्रमाथी कारवाहीका लागि दबाब दिन आफूहरु आएको बताए । उनले सामाजिक क्षेत्रमा योगदान गर्दै आएको क्लबको संरक्षणका लागि स्थानीय प्रशासनको पटक-पटक लिखित र मौखिक रुपमा ध्यानाकर्षण गराउदा पनि सुनुवाई नगरेपछि बाध्य भई प्रदर्शनमा उत्रनु परेको बताए ।

उनले क्लबको भवन तोडफोड गरि हानी नोक्सानी पुऱ्याउने भोगेन्द्रबाट क्षतिपूर्ती दिलाउनु पर्ने माग समेत आफूहरुको रहेको बताएका छन् । यसबारे पालिकाका तर्फबाट भोगेन्द्र बिरुद्ध प्रहरीमा उजुरी दिएको जानकारी समेत उनले दिए । उनले उक्त जग्गा सार्वजनिक रहेको र भोगेन्द्रले अनाधिकृत रुपमा कब्जा गरेको जनाए ।

भोगेन्द्रले भने उक्त जग्गा आफ्नो निजि रहेको दाबी गर्दै आएका छन् । यसैबीच जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र यादव, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवसहित बसेको बैठकमा शनिबार बिहान ११ बजे सम्बन्धीत सबै पक्षलाई झिकाई जग्गा विवादबारे छलफल गरि निश्कर्षमा पुग्ने निर्णय भएको बताइएको छ ।

यसअघि ठूलो संख्यामा प्रदर्शनकारी आएको देखेपछि सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीले कार्यालय समय अगावै पौने तीन बजे नै जिल्ला प्रशासन कार्यालयको मूल गेट बन्द गरेका थिए । त्यसपछि झन आक्रोसित भएका प्रदर्शनकारीले स्थानीय प्रशासनबिरुद्ध चर्को नाराबाजी सुरु गरेका थिए । स्थिति असामान्य बन्ने देखेपछि कार्यालयमा थप सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

# 'अस्पतालको समयमा चिकित्सक बाहिर जान नपाउने'

चितवन, ४ असोज (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा काम गर्ने समयमा चिकित्सकहरु निजी अस्पतालमा जान नपाउने बताउनुभएको छ । शुक्रबार यहाँ पत्रकारसँग कुरा गर्दै उहाँले भन्नुभयो, "सरकारी अस्पतालमा काम गर्ने समयमा उहाँहरु उपलब्ध हुनुपर्छ ।"

मन्त्रालयले केही दिनअघि जारी गरेको निर्देशिका अस्पताल र विभागमा कार्यान्वयनको चरणमा रहेको उहाँले जानकारी दिनुभयो । निर्देशिका कार्यान्वयन भइरहेकाले कतिपय समस्या देखिएको र ती समस्या छिट्टै समाधान हुने उहाँले बताउनुभयो । स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गरी व्यवस्थित गर्न सरकार अघि बढेको मन्त्री पौडेलको भनाइ छ ।

स्वास्थ्य क्षेत्रको प्रगति हिजोको आजै नदेखिने भएकाले क्रमिक सुधारको बाटोमा लैजाने प्रतिबद्धता उहाँले जनाउनुभयो । मन्त्री पौडेलले भन्नुभयो, "स्वास्थ्य सेवा प्रभावकारी, बीमालाई व्यवस्थित, औषधिको मूल्य समायोजन लगायतका थुप्रै काम सुरु गरेका छौँ, ती कार्यान्वयन हुँदै जान्छन् ।"

मन्त्री पौडेलले स्वास्थ्य बीमालाई रु पाँच लाख बनाउने मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्बाट पास भएर कार्यान्वयनमा जाने तयारीमा रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हाम्रो प्रस्तावलाई मन्त्रीपरिषद्ले स्वीकार गर्छ र प्रस्ताव स्वीकार भए लगत्तै पाँच लाखको बीमा कार्यान्वयन हुन्छ ।"

# पत्रकार महासंघको निर्वाचन अनिश्चित

**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

सदस्यता विवादका कारण किचलोमा फसेको नेपाल पत्रकार महासंघको निर्वाचन अनिश्चित बनेको छ ।

पटक-पटक निर्वाचन मिति घोषणा गर्दै आएको महासंघले पछिल्लो पटक यही असोज १२ गते निर्वाचन गर्ने तयारीसहितको कार्यतालिका सार्वजनिक गरेको थियो । तर, सार्वजनिक गरिएको मतदाता नामावलीप्रति पत्रकार महासंघ ५३ जिल्ला शाखाका अध्यक्षले असन्तुष्टि जनाएपछि निर्वाचन घोषित मितिमा हुने अन्यौलमा परेको हो ।

यसैबीच महासंघका कार्यबाहक अध्यक्ष रमेश विष्टले शुक्रबार सूचना जारी गर्दै असोज ४ गते तोकिएको उम्मेदवारको मनोनयन दर्ता लगायतका सबै कार्य हाललाई स्थगित गरिएको जनाएका छन् ।


## डेंगीका लक्षणहरू

डेंगीका लक्षणहरू:

- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा बिबिरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

रुपनी गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

महादेवा गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*